"प्राकृतिक सम्पदा युक्त हराभरा सहर, सम्पूर्ण नगरवासीको एउटै रहर"

परशुराम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- २०८२/०८३
चलानी नम्बर :-

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२६ गते)

यस परशुराम नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) योजना तर्जुमा गर्ने कार्यका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिम योग्यता पुगेका गैरसरकारी संस्थाहरूबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिन्छ।

१. कार्यको विवरणः

- नगरपालिकाको खानेपानी तथा सरसफाइ सम्बन्धी वस्तुगत विवरण (Baseline Survey) संकलन।
- NWASH एप/सफ्टवेयरमा तथ्याङ्क प्रविष्टि र विश्लेषण।
- नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयार गर्ने ।

२. संस्थाको योग्यता तथा आवश्यक कागजातहरूः इच्छुक संस्थाहरूले प्रस्तावको साथमा देहायका कागजातहरूको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछः

- संस्था दर्ता र नवीकरण प्रमाणपत्र।
- समाज कल्याण परिषद्मा आबद्धता प्रमाणपत्र।
- स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र।
- आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र।
- सम्बन्धित क्षेत्र (WASH Sector) मा काम गरेको कार्य अनुभव पत्र।

३. प्रस्ताव पेश गर्ने विधि र अन्तिम मितिः

इच्छुक संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (कार्यालय समयभित्र ) यस कार्यालयबाट कार्यशर्त (TOR) प्राप्त गरी वा आफ्नै आधिकारिक लेटरहेडमा प्राविधिक र आर्थिक प्रस्ताव खामवन्दी गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। ToR कार्यलयको website मा राखीएको छ।

४. अन्य शर्तहरूः

- प्राप्त प्रस्तावहरू मध्येबाट प्राविधिक रूपमा सक्षम र न्यूनतम दरभाउ पेश गर्ने संस्थालाई छनोट गरिनेछ।
- रित नपुगी आएका वा म्याद नाघी आएका प्रस्तावहरू उपर कुनै कारबाही गरिने छैन।
- प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

२०८२/१०/२८

कृष्णानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

# परशुराम नगरपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता (WASH) योजना तर्जुमा सम्बन्धी कार्यशर्त (TOR)

## १. परिचय:

डडेल्धुरा जिल्लाको परशुराम नगरपालिकाले पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) योजना तर्जुमा गर्न एक अनुभवी परामर्शदाता संस्थाको सेवा माग गरेको छ । यो योजना नेपाल सरकारको क्षेत्रगत विकास योजना र दिगो विकास लक्ष्य (SDG) सँग मेल खाने गरी तयार गरिनेछ।

## २. पृष्ठभूमि र औचित्य:

- नेपालको संविधानको धारा ३५(४) ले स्वच्छ खानेपानी र सरसफाइलाई नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ।
- स्थानीय सरकारलाई आफ्नो क्षेत्रभित्रको योजना र नीति बनाउने पूर्ण अधिकार र जिम्मेवारी छ।
- सन् २०३० सम्म सबैका लागि सुरक्षित र सुपथ मूल्यमा खानेपानी पुर्याउने दिगो विकास लक्ष्य प्राप्त गर्न यो योजना आवश्यक छ ।
- यस योजनाले जलवायु परिवर्तन अनुकूलन (CCA) र विपद् जोखिम न्यूनीकरण (DRR) लाई पनि समेट्नेछ।

## ३. मुख्य उद्देश्यहरू:

- NWASH मोवाइल एप प्रयोग गरी पालिकाभित्रको खानेपानी र सरसफाइको वर्तमान अवस्था अपडेट गर्ने।
- सन् २०३० सम्मका लागि आवश्यक बजेट र स्रोतको पहिचान सहितको दीर्घकालीन योजना बनाउने।
- स्थानीय सरकारको नेतृत्व र स्वामित्वमा रहने गरी व्यावहारिक र कार्यान्वयन गर्न सकिने योजना तयार गर्ने।
- वित्तीय श्रोतहरु पहिचान गरी WASH वित्तीय रणनीति (WASH Financial Strategy) निर्माण गर्ने।

## ४. कार्यविधि र कार्यक्षेत्र (Scope of Work):

- तथ्याङ्क संकलन:

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

समुदाय स्तरबाट NWASH Application मार्फत निम्न बमोजिम WASH सुचना संकलन तथा अद्यावधिक गर्ने,

- हाल संचालित खानेपानी योजनाहरुको inventory सूचनाः सबै,
- निर्माणाधीन अवस्थामा रहेका खानेपानी योजना तथा सेवा पहुँच नभएका बस्तीहरुको सूचनाः सबै,
- घरधुरी सर्वेक्षणः जम्मा घरधुरीको १०% (समावेशी आधारमा)
- ट्युबवेलको सूचनाः १०%
- विद्यालयको सूचनाः सबै
- स्वास्थ्य संस्थाको सूचनाः सबै
- सार्वजनिक शौचालयको सूचनाः सबै
- फोहोरमैला व्यवस्थापन सम्बन्धि संचालनमा रहेका र निर्माणाधीन वा पालिकाले लक्ष्य गरेका Community Sanitation का योजनाहरुः सबै
- खानेपानी योजना उपभोक्ता समितिहरुको सूचनाः सबै
- यस बाहेक NWASH MIS प्रणाली तथा सम्बन्धित ऐन, कार्यविधि अनुरुप सूचनाहरुः सबै

- **प्राविधिक विश्लेषणः**

  पुराना आयोजनाहरूको मर्मत-सम्भार र नयाँ आयोजनाहरूको आवश्यकता पहिचान गर्ने।

- **परामर्श बैठकहरूः**

  वडा र पालिका स्तरमा कम्तिमा तीनवटा मुख्य बैठकहरू आयोजना गर्ने (अभिमुखीकरण, तथ्याङ्क प्रमाणीकरण र अन्तिम प्रस्तुतीकरण)।

- **डिजिटल नक्सांकनः**

  GIS प्रविधिमा आधारित अनलाइन नक्सा तयार गर्ने।

## ५. आवश्यक जनशक्ति (Team Composition):

- **टोली नेता (१ जना):** सिभिल इन्जिनियरिङ वा विकास योजनामा स्नातकोत्तर र WASH योजना निर्माणमा कम्तिमा ५ वर्षको अनुभव तथा MIS/GIS मा अनुभव भएको।
- **WASH संयोजक (१ जना):** ३-५ वर्षको समन्वय र सुपरिवेक्षण अनुभव भएको।
- **गणकहरू (५ जना):** एन्ड्रोइड फोन चलाउन जान्ने र स्थानीय सन्दर्भ बुझेको।

## ६. भुक्तानी तालिका (Payment Schedule):

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

- प्रथम किस्ताः प्रारम्भिक प्रतिवेदन (Inception Report) बुझाएपछि - २५%
- दोस्रो किस्ताः तथ्याङ्क संकलन गरी सर्भरमा अपलोड गरेपछि -४०%
- अन्तिम किस्ताः योजना स्वीकृत भएर अन्तिम प्रतिवेदन बुझाएपछि -३५%
- बैंक ग्यारेन्टी पेश गरेको हकमा अग्रिम पेश्की गर्न सकिनेछ।

७. <u>पेश गर्नुपर्ने कागजातहरूः</u>

- संस्था दर्ता र भ्याट/प्यान प्रमाणपत्र।
- आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र।
- विज्ञहरूको बायोडाटा (CV) र स्वघोषणा पत्र।
- सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव पत्र।
- संस्थाको प्रोफाइल।
- समाज कल्याण परिषदमा आबद्धता प्रमाणपत्र।

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

# Parshuram Municipality

## Office of Municipal Executive

## Jogbuda, Dadeldhura

## Sudurpaschim Province, Nepal

## Bill of Quantity

**Project Name:- Preparation of a WASH Plan for Parshuram Municipality**

| S. N. | Description of work | Quantity | Unit | Rate | | Amount | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | In figure | In words | | |
| 1 | Preparation of a WASH Plan for Parshuram Municipality | 1.00 | Job | | | | |
| **Sub-Total amount = NRs.** | | | | | | | |
| **VAT 13 % = NRs.** | | | | | | | |
| **Total Amount = NRs.** | | | | | | | |
| **In Words:** | | | | | | | |

Name of the Firm:
Authorized Representative:
Signature:
Seal:
Date:

Scanned with CamScanner